विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१५, ● अंक-२८ ● २०७९ माघ ०९ गते सोमबार, ● 23 Jan. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## पालुङ जेसिज वर्ष २०२३ को पदस्थापना, दर्जनौ मनोनित



◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशील पालुङ जेसीजको २३ औं पदस्थापन तथा पुरस्कार वितरण समारोह ६ माघमा जेसीज सभाहलमा भएको छ । वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीको अध्यक्षतामा भएको समरोहमा प्रमुख अतिथि थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले जेसीजले गर्ने हरेक सामाजिक क्रियाकलापमा नगरपालिकाले सहकार्य गर्न नगरपालिका तयार रहेको बताए । नगर प्रमुख विष्टले थाहानगरको युवाहरूको वृद्धि विकासका निमित्त पनि जेसीज अभिन्न अंग बनेको बताए । नगर प्रमुख विष्ले पालुङ जेसीज सभाहलको उचित व्यवस्थापन तथा आवश्यक पुर्वाधारको लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए ।

जेसीजको विधि अनुसार वर्ष २०२१ का निवर्तमान अध्यक्ष नवराज लामा पूर्व अध्यक्ष क्लवमा, वर्ष २०२२ का अध्यक्ष जयराम खत्री निवर्तमान अध्यक्ष र कार्की अध्यक्षको कुर्सीमा पदस्थापित भएका हुन् । पदस्थापित पदाधिकारीहरूलाई सपथ गराउदै पदीय प्रमाणपत्रहरू प्रदान गरिएको थियो । वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीले आफ्नो कार्यकालमा उत्कृष्ट कार्य गरेका पदाधिकारीहरू, पूर्व अध्यक्षलगायतलाई अवार्ड प्रदान गरे । पदस्थापित अध्यक्ष संगम कार्कीले अध्यक्षको स्वीकारोक्ति मन्तव्य राख्दै आफ्नो कार्यकालको लागि नीति तथा कार्यक्रमहरू प्रस्तुत गरे ।

अध्यक्ष कार्कीले प्रस्तुत कार्यक्रमहरू सम्पन्न गर्न आर्थिक संयोजकमा पशुपति बिष्ट ,मनोरञ्जन संयोजक श्रीकृष्ण श्रेष्ठ, कुमार रायमाझी हाजिरजवाफ संयोजक, स्वास्थ्य संयोजक विकेश गोपाली, ओराटरी संयोजक विकेसबाबु बस्नेत, नम्रता गोपाली महिला ससक्तिकरण संयोजक, स्कुल संयोजक विक्रम श्रेष्ठ, भरत रत्न छात्रवृत्ति संयोजक हरिचन्द्र कार्की, खेलकुद संयोजक इसाक केसी, फेलोसिप संयोजक गणेश बिष्ट, सदस्यता विस्तार संयोजक रविन केसी खत्री, यातायात संयोजक शिवशंकर चौधरी, शोभित बस्नेत राष्ट्रिय महाधिवेशन संयोजक, सचिव नारायण तामाङ, सह कोषाध्यक्ष स्मिता बिष्ट, भुमिराज अवस्थी अध्यक्ष सल्लाहकार, वर्ष कार्यक्रम संयोजक माना सिंह दोङ, तालिम संयोजक अनिता विष्ट, सुसान्त गोपाली प्रकरण निर्देशक, जनसम्पर्क अधिकारी विक्रम गोपाली, सुबिन्द्रमान प्रधान शाखासम्पादक, कोषाध्यक्ष माधव कार्की, महासचिव संजय गोपाली, निरज रायमाझी कानुनी सल्लाहकार, प्रमुख सल्लाहकार पुरूषोत्तम ढकाल, आर्थिक सल्लाहकार खड्गबहादुर गोपाली, अन्तर कार्यालय समन्वय समिती सल्लाहकार संयोजक सानोभाइ कार्की, योजना तर्जुमा सल्लाहकार सुरेन्द्रमान प्रधान, नेपाल जेसीज कार्यक्रम सल्लाहकार संयोजक शिवकुमार खत्री, लगायत पुर्व अध्यक्षहरूलाई विभिन्न जिम्मेवारी दिइएको छ ।

कार्यक्रममा थाहानगरका उपप्रमुख भरत गोपाली,नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष सोनी श्रेष्ठ पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, पूर्व अध्यक्ष सुरेन्द्रमान प्रधान, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशी, हेटौंडा जेसीजका अध्यक्ष श्रवण कुमार बर्तौलाले शुभकामना मन्तव्य व्यक्त गरे ।

## काठमाण्डौंको माउन्टेन एफसीलाई "थाहा गोल्डकप"को उपाधि

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहानगर खेलकुद विकास समितिको आयोजनामा भएको चौथो संस्करणको थाहा गोल्डकपको उपाधि काठमाडौंको माउन्टेन एफसीले हात पारेको छ । थाहा नगरपालिकाको इन्द्राायणी चौर खेल मैदानमा भएको फाइनल खेलमा पारिजात स्मृति पुस्तकालय चित्लाङलाई २-१ को गोल अन्तरले पराजित गर्दै माउन्टेन एफसीले उपाधी हात पारेको हो।

विजेता माउन्टेन एफसीले नगद २ लाख सहित ट्रफी, मेडल तथा प्रमाणपत्र पाएको छ। उपविजेता पारिजातले नगद १ लाख सहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा विजेता तथा उपविजेता टिमलाई थाहानगर प्रमुख विष्णु बहादुर विष्ट तथा उपप्रमुख भरत गोपाली लगायतका अतिथिहरूले पुरस्कार प्रदान गरेका थिए ।



माउन्टेनको जितमा उर्गेन शेर्पा र अमित लामाले १-१ गोल गरेर टिमलाई विजयी बनाए भने पारिजातका याकुवले बदलामा १ गोल गरेका थिए। प्रतियोगितामा हाइस्कोरर पारिजातका सोलोमन हुँदा बेस्टडिफेन्डर माउन्टेनका सबिन खड्का र उत्कृष्ट गोलकिपर माउन्टेनका सागर मगर घोषित भए । प्रतियोगिताको उत्कृष्ट खेलाडी माउन्टेनका अमित लामा हुन सफल भए भने उनै लामा फाइनल प्रतियोगिताको म्यान अफ द म्याच समेत घोषित भए । विधागत उत्कृष्ट खेलाडीहरूले नगद ५ हजार सहित टूफी हात पारे भने उत्कृष्ट खेलाडीलाई नगद ७ हजार रूपैयाँ पुरस्कार प्रदान गरिएको थियो ।

थाहा नगर खेलकुद विकास समितिका संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा सम्पन्न पुरस्कार वितरण समारोहमा वडा नम्बर १ का अध्यक्ष हेर मान गोपाली, ४ का नारायण लामा, ७ का शिवराज थिङ, ९ का वडा अध्यक्ष तथा खेलकुद विकास समितिका सदस्य राजकुमार बलामी, थाहानगरका पुर्व खेलकुद विकास संयोजक राजेश केसी, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका सचिव नवराज बिष्ट, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा एमालेका शिवराम थापा, राप्रपा थाहानगर अध्यक्ष नवीन रायमाझी, माओवादी केन्द्रका नगर सदस्य इच्छापुर्ण कार्की, थाहा स्पोर्ट्स एकेडेमीका अध्यक्ष युवराज बिष्ट, थाहानगर उद्योग वाणिज्य संघका उपाध्यक्ष शम्भुसिं कार्कीलगायतका उपस्तिथि रहेको थियो ।

थाहा नगरपालिकाको मुख्य प्रायोजनमा वर्षेनी हुने प्रतियोगिता सहयोग गर्ने च्वाइस नेपाल, यति ब्रुअरी, चन्द्रागिरी हिल्स, पालुङ बहुउद्देश्यीय सहकारीलगायतका संघसंस्थाहरूलाई कदरपत्र सहित सम्मान गरिएको थियो। सो अवसरमा खेलकुद प्रतियोगिताभर स्वयंसेवक भई कार्य गर्ने स्वयंसेवकहरूलाई समेत कदरपत्र दिइएको थियो ।

## 'सालक'लाई मकवानपुरको गौरवको जनावर घोषणा गरिदैँ

◆ विकास संवाददाता

अति लोपोन्मुख अवस्थामा रहेको शान्त स्वभावको स्तनधारी जनावर सालकलाई मकवानपुर जिल्लाको गौरबको जनवारको रूपमा घोषणा गरिने भएको छ ।

डिभिनजन वन कार्यालय राप्तीको अगुवाईमा सालकलाई यहि ६ फागुनमा मकवानपुरको गौरबको जनावरकोरूपमा घोषणा गर्न लागिएको राप्ती डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णु प्रसाद आचार्यले बताए । फागुन ६ गते अन्तराष्ट्रिय सालक दिवस मनाइने गरिन्छ । सोही अवसरमा एक कार्यत्रमका बिच सालकलाई मकवानपुर जिल्लाको गौरबको जनावरकोरूपमा घोषणा गर्न लागिएको हो ।

विश्वबाट नै लोपोन्मुख अवस्थामा रहेको यो जनावर मकवानपुर जिल्लामा भने यसको संख्या राम्रो रहेको आचार्यले बताए । सालकको मासुले रोगव्याधी काट्ने पोषिलो हुने अन्धविस्वास, यसको खपटा दबाई हुन्छ, अन्तराष्ट्रिय बजारमा बिक्रि हुन्छ भन्ने भ्रमका कारण चोरी निकासी भई लोप हुँदै गएको उनले बताए । साथै साँघुरिदै गएको बासस्थान, वन क्षेत्रको अतिक्रमण, यसको वासस्थानमा अत्यधिक मानवीय गतिविधि र वन क्षेत्रमा भौतिक पूर्वाधार निर्माण र प्राकृतिक आहारको कमी हुँदै जानुले यो लोपोन्मुख अवस्थामा पुगेको हो ।

यसको संरक्षणका लागि कार्यालयले विभिन्न योजनाहरू समेत सार्वजनिक गरी अगाडी बढाइएको आचार्यले बताए ।




## • सम्पादकीय •

# पूरा हुने विकास लक्ष्य राख

पञ्चवर्षीय योजनाअन्तर्गतको आधा समय सकिँदा काम भने एक तिहाइ पनि सकिएको छैन । यसले सरकारी योजनाले पनि त्यही हविगत भोग्न परेको देखिन्छ जो सरकारका वर्षौंपिच्छे आउने नीति कार्यक्रम तथा बजेटमा जे भनिएको छ त्यो कहिल्यै पूरा भएको पाइँदैन । कतिसम्म भने रकम खर्चसमेत भनिएअनुसार हुँदैन । पछिल्लो समय त राजस्व उठतीको लक्ष्यसमेत पुग्ने देखिएन । चालू वर्ष करिब आधा खर्ब रकम राजस्वको लक्ष्यभन्दा तल परेको अवस्था देखियो । यो छ महिनाको कुरा हो । बाँकी छ महिनामा कुनै त्यस्तो चमत्कार हुने सङ्केत छैन । पुँजीगत खर्च नभएको अवस्था त दुई/तीन दशक नै भइसक्यो । कुल बजेटको आधाभन्दा बढी असार मसान्ततिरका केही दिनमा मात्रै हुनेगरेका विवरण प्रत्येक वर्ष चर्चामा आइरहेका छन् । यहाँ चर्चा गर्न खोजिएको विषय हो, चालू पञ्चवर्षीय योजनाको आधाउधी समयमा तय गरिएका लक्ष्य कति प्राप्तिमा परिणत भए भन्ने । यो योजनाको लक्ष्य नै २१०० सालसम्म उच्च आय भएको मुलुक बनाउन आधार तयार गर्ने भन्ने थियो ।

आर्थिक वर्ष २०७६/०७७ मा यो पञ्चवर्षीय योजना सुरु हुँदा देशमा दुई तिहाइको सरकार थियो । यो योजना सुरु हुँदा नहुँदै त्यो सरकार छिन्नभिन्न भयो र त्यसपछि पाँचदलीय सरकार बन्यो । त्यसपछिको सरकारत झनै बढी दलको अर्थात् सात दलीय छ । यो योजनाले आव २०८०/०८१ सम्म समृद्धिका चार र सुखका छ सूचक हासिल गर्ने मुख्य लक्ष्य राखेको थियो । त्यसका लागि स्थिर सरकार चाहिन्थ्यो तर भयो झन् अस्थिर । त्यसबेलाको सरकारले आफ्नो घोषणापत्रलाई आधार बनाएर आउँदो २५ वर्षमा समुन्नत राष्ट्र बनाउने घोषणा गरेको थियो । २०७६–२०८१ को अवधिलाई पहिलो आधारशीला बनाउने घोषणा गरेको सरकार यो योजना घोषणा गरेको अर्को वर्ष आफैं ढल्यो । ढल्नुको कारण पनि आफैं थियो । योजना ल्याउने सरकार नै ढलेपछि अरुले उसको विरासत थामिदिने कुरा पनि भएन । यो १५औँ योजना कार्यान्वयनमा आएको तीन वर्ष पूरा हुँदै छ । तर उसले प्रस्ताव गरेका विषय भने सरकारका वार्षिक कार्यक्रमजस्तै प्राय सबै अधुरा नै रहेका पाइयो । यो १५औँ पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षाले नै भनेको छ, सामाजिक क्षेत्रमा अपेक्षा गरिएका केही सूचकहरूले सकारात्मक मार्ग पछ्याएको भए पनि आर्थिक वृद्धिलगायतका अर्थतन्त्रका बहुसंख्यक आयाममा अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिएन ।

योजना कार्यान्वयनको सुरुवाती समयदेखि नै कोभिड–१९ महामारीले अर्थतन्त्रमा गम्भीर समस्या सिर्जना गरेकाले यसले तय गरेका लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरूको कार्यान्वयनमा सरकारले अपेक्षित तीव्रता दिन सकेन, अर्थतन्त्रको संरचना, बढ्दो उपभोग प्रवृत्ति, चालू खाता घाटा, वैदेशिक मुद्राको सञ्चितिमा दबावजस्ता कारणहरूले अर्थतन्त्रको बाह्य क्षेत्र व्यवस्थापनमा चुनौती थपिएको छ । योजना तर्जुमा गर्दा पहिचान गरिएका चुनौतीहरूको अतिरिक्त अर्थतन्त्रको आन्तरिक व्यवस्थापनमा समेत उल्लेख्य चुनौतीहरु देखा परे । अघिल्लो वर्षको बजेटमा घोषणा भएका कुरा कार्यान्वयनमा आउँदा त्यसका लागि ढाकछोप गर्न अनेक बहाना बनाइन्थ्यो । पञ्चवर्षीय योजनाको उल्लिखित समीक्षाले पनि त्यसै गरेको छ । यसको अर्थ हो, यो वा त्यो जे भनिए पनि सरकारका योजना र बाचाहरू पूरा हुन छाडे । यसलाई कार्यानवयनतर्फ अधिक ध्यान दिनू पर्दछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# वातावरण र विकास



राजेशमान के. सी.

*एउटा मननीय र महत्वपूर्ण पक्ष हो वातावरण र विकासबीचको सन्तुलन । वास्तवमा वातावरण र विकास भनेको एउटै सिक्काका दुई पाटाहरू हुन् । त्यसैले सिक्काका यी दुई पाटाहरूलाई एक अर्कोसँग अलग राखेर हेर्न मिल्दैन । अर्थात् वातावरण र विकासलाई एक अर्कोबीच प्रतिद्वन्द्वीको रूपमा नलिई परिपूरकको रूपमा अंगीकार गरिनु पर्दछ ।*

वातावरणीय समस्या अहिले विश्व समुदायकै लागि प्रमुख चासो र चिन्ताको विषय बन्न पुगेको छ । नेपाल यो समस्याबाट अलग रहन सक्ने कुरै भएन ।

वास्तवमा अहिले विश्वव्यापीरूपमा बढ्दै गइरहेको वातावरणीय विनाशको स्थितिलाई दृष्टिगत गरिहेर्दा साँच्चै नै अब हामीले वातावरण विनाशसम्बन्धी चर्चा-परिचर्चा गरेर मात्र पर्याप्त हुँदैन । यसको लागि हामीले केही ठोस र प्रभावकारी कार्य गरेर देखाउनुपर्ने बेला आएको छ । वातावरणीय विनाशको कुरा गर्दा खासगरी जलवायु परिवर्तन, बढ्दो हरितगृहको प्रभाव, मरूभूमीकरण, अम्लीय वर्षा तथा वायुमण्डलमा भइरहेको ओजन तहको विनाश आदि कारणले गर्दा विश्वमा वातावरणीय विनाशको समस्या झन्-झन् जटिल बन्दै गइरहेको छ ।

अर्कोतिर जनसंख्याको तीव्र वृद्धिदर एवं वनजंगलको फँडानी र यसबाट उत्पन्न जल प्रदूषण, स्थल प्रदूषण, वायु प्रदूषण, ध्वनि प्रदूषण आदि जुन गतिमा बढ्दै गइराखेको छ त्यसले गर्दा विशेषगरी नेपालजस्ता तेस्रो विश्वका मुलुकहरू वातावरणीय विनाशको समस्याबाट सबैभन्दा बढी ग्रसित हुन पुगेको देखिन्छ । वातावरणीय विनाशको यो संकटमय स्थिति निम्त्याउने कार्यमा मूलतः हामी मानव जाति नै बढी जिम्मेवार रहेको कुरालाई नकार्न सकिन्न । त्यसैले बढ्दो वातावर णीय विनाशलाई अरू जटिल बन्न नदिने मुख्य अभिभारा पनि हामी मानवजातिकै हो ।

नेपालको सन्दर्भमा पनि अहिलेको सबैभन्दा प्रमुख र जल्दोबल्दो समस्या भनेको वातावरणीय विनाश नै हो भन्न सकिन्छ । नेपाल राज्यका कतिपय सहरी क्षेत्रहरू र त्यसमा पनि महानगर पालिकाको जामा पहिरेको देशकै संघीय राजधानी काठमाडौं अहिले वातावरणीय समस्याबाट सबैभन्दा बढी ग्रसित हुनपुगेको छ । देशका विभिन्न भागहरूबाट आफ्नो व्यावहारिक समस्याको सिलसिलामा र कामको खोजीमा आउने मानिसहरूको ठूलो जमात, बढ्दो सवारीसाधन र सोको तुलनामा ट्राफिक व्यवस्थापनको अपर्याप्तता, फोहर-मैला निस्काशनसम्बन्धी उचित व्यवस्थापनको कमी आदिजस्ता कारणहरूले गर्दा काठमाडौंको वातावरणीय स्थिति दिन प्रतिदिन दयनीय बन्दै गइरहेको छ ।

एक जानकारीअनुसार काठमाडौंको जनसंख्या अहिले २५ लाख नाघिसकेको छ । बढ्दो जनघनत्वको परिणामस्वरूप काठमाडौं उपत्यकाको लागि अहिले फोहर निष्काशनको व्यवस्था पनि प्रमुख समस्याको रूपमा देखा परिरहेको छ । विशेष गरेर प्लास्टिक तथा पोलिथिन व्यागको अत्यधिक प्रयोजन, ढल निकाससम्बन्धी उचित व्यवस्थाको अभाव, सडक-गल्लीहरूमा जथाभावी फोहर फाल्ने प्रवृत्ति र फोहर फाल्ने डम्पिङ साइटकै अस्पष्टताले गर्दा काठमाडौंको वातावरण दिन दुगुना र रात चौगुनाको दरले प्रदूषित बन्दै गइरहेको छ ।

त्यस्तै भौतिक पूर्वाधारहरूको ख्याले नगरी जथाभावी किसिमबाट घरहरूको निर्माण गर्ने परिपाटीले गर्दा कुनै बेला सुन्दर र ऐतिहासिक नगरको रूपमा परि चित काठमाडौं उपत्यका अहिले बसोबासकै लागि अनुपयुक्त थलोका रूपमा परिणत हुन खोजेको हो कि जस्तो प्रतीत भइरहेको छ । राजधानीका खाल्डाखुल्डी र उचित मर्मत हुन नसकेका सडकहरूमा गुढ्ने झण्डै आठ लाखको हाराहारीमा रहेका सवारीसाधनहरूको संख्याले उत्पन्न गरेको वायु प्रदूषणको कारणले स्वच्छ हावामा सास फेर्नु अब हाम्रो लागि एक किसिमबाट दुर्लभजस्तो भइसकेको छ ।

यसप्रकारको प्रदूषित वायुका कारण टाउको दुख्ने, जीउ भारी हुने, शरिरको छाला फुस्रो हुँदै जाने, हातगोडा फुट्ने, कब्जियत हुने, श्वासप्रश्वाससम्बन्धी कठिनाइ हुने र अपच आदिजस्ता रोगहरू उत्पन्न हुने गर्दछ भने प्रदुषणयुक्त जमिनमा उब्जेका खाद्यपदार्थहरू सेवन गर्नाले पनि पेट दुख्ने, पेटमा जुका पर्ने, हेपटाइटिस आदिजस्ता रोगहरू लाग्ने प्रबल सम्भावना रहेको कुरा स्वास्थ्य विशेषज्ञहरू बताउँछन् । त्यसैगरी प्रदूषणको कारण पानीमा क्षार, फलाम, तामा आदिजस्ता तत्वहरू अधिक मात्रामा मिसिन पुग्ने हुँदा त्यस्तो पानी पिउने गर्नाले अनेकन घातक रोगहरू उत्पन्न हुने गर्दछ । झाडा-पखाला, आाउँ, कमलपित्त, हेपटाइटिस आदि मूलतः प्रदूषित पानीकै कारण लाग्ने रोगहरू हुन् ।

वातावरण प्रदूषणकै सन्दर्भमा अब अलिकति ध्वनि प्रदूषणबारे पनि चर्चा गरौं । ध्वनि प्रदूषणको लागि पनि राजधानीका साँघुरा सडक गल्लीहरूमा गुढ्ने मोटर गाडीहरूमा बजाइने चर्को र अनावश्यक हर्नको आवाज नै प्रमुख कारक तत्वको रूपमा रहेको देखिएको छ । हुन त अहिले ट्राफिक कार्यालयले जथाभावी हर्न बजाउन नपाउने व्यवस्था गरेको छ । सहरका विभिन्न स्थानहरूमा हर्न बजाउन निषेध गरिएको ब्यानर टाँगिएको पनि हामी देख्न सक्छौं । तर ट्राफिकले लागू गरेको यो व्यवस्था पनि त्यति प्रभावकारीरूपमा कार्यान्वयन हुन सकिरहेको देखिँदैन । बरू ट्राफिकले टाँगेको व्यानरकै मुनीबाट ठूलठूला आवाजले हर्न बजाउँदै गाडी र मोटर साइकलहरू घुँइकिरहेको हामीले देखिरहेका छौं ।

अर्कोतर्फ विभिन्न उद्योग एवं कलकारखानाहरूमा जडित यन्त्रहरूको कर्कस आवाज तथा विभिन्न भोजभतेर एवं वैवाहिक समारोहहरूमा –याप म्युजिक र ज्याज म्युजिकको नाममा बजाइने चर्को आवाज पनि ध्वनि प्रदूषणको लागि कम जिम्मेवार बनेर रहेका छैनन् । चर्को ध्वनिले मानव शरीरको रक्तसञ्चार प्रणाली, श्वासप्रश्वास प्रक्रिया, मांसपेशी, पाचनक्रिया आदिमा प्रतिकूल असर पुऱ्याउने कुरा स्वास्थ्य विशेषज्ञहरू बताउने गर्दछन् । स्वास्थ्य विशेषज्ञहरूका अनुसार ध्वनि प्रदूषणको सबैभन्दा प्रमुख असर मानिसको श्रवण शक्तिमा पर्ने गर्दछ । स्मरण रहोस् ७५ डेसिबलसम्मको ध्वनिले मानसिक चिडचिडाहट पैदा गर्ने र एक सय २५ डेसिबल सम्मको ध्वनिले मानिसको दृष्टि शक्ति समेत क्षीण तुल्याउने गर्दछ । जब कि विश्व स्वास्थ्य संगठनले दिएको जानकारीअनुसार सुरक्षाको दृष्टिकोणबाट दिउँसोको अधिकतम ध्वनि ५५ डेसिबल र रातिको अधिकतम ध्वनि ४५ डेसिबलभन्दा बढी हुनु हुँदैन ।

त्यसैले वातावरणीय विनाशको यो समस्यालाई अरू जटिल हुन नदिन विभिन्न अल्प र दीर्घकालीन उपायहरूको अबलम्बन गर्नु टड्कारो आवाश्यकता भइसकेको छ । यसको लागि सर्वप्रथम त जनसंख्याको वृद्धिदरको व्यवस्थापन हुनु पऱ्यो साथसाथै वन विनाशको रोकथाम, बढ्दो धुवाँयुक्त सवारीसाधनहरूको नियन्त्रण र सोको ठाउँमा विद्युत् र ब्याट्रीद्वारा सञ्चालित सवारीसाधनहरूको प्रयोग, आधुनिक प्रविधियुक्त ट्राफिक व्यवस्थापन प्रणाली, औद्योगिक प्रदूषण नियन्त्रण, नियमित एवं प्रभावकारीरूपमा वायुको गुणस्तर निरीक्षण एवं वातावरणसम्बन्धी शिक्षा र जनचेतनाको विकासमा जोड दिनु पनि उत्तिकै आवश्यक देखिएको छ ।

तथापि वातावरण संरक्षणका लागि यी प्रयासहरू मात्र पनि पर्याप्त हुन सक्तैनन् । राज्यले आफ्ना नागरिकहरूलाई प्रदूषित वातावरणको चपेटाबाट मुक्त राख्न अन्य ठोस र प्रभावकारी कदमहरू चाल्नु आवश्यक छ । यसका लागि विद्यमान वातावरण संरक्षणसम्बन्धी ऐन नियमहरूलाई आवश्यकताअनुसार परिमार्जन गरी दृढतापूर्वक कार्यान्वयन गरेर देखाउन सक्नु पर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा वातावरणीय विनाश रोकथामको प्रयासलाई राजधानीमा मात्र केन्द्रित नगरी मुलुकका अन्य प्रादेशिक क्षेत्रहरू र त्यसमा पनि विशेषगरी औद्योगिक सहरहरूमा वातावरण स्वच्छ राख्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउनु आवश्यक छ ।

वातावरण संरक्षणको कुरा गर्दा वातावरणविद्लगायत अन्य सरोकारवालाहरूले समेत बारम्बार जोड दिँदै आइरहेको एउटा मननीय र महत्वपूर्ण पक्ष हो वातावरण र विकासबीचको सन्तुलन । वास्तवमा वातावरण र विकास भनेको एउटै सिक्काका दुई पाटाहरू हुन् । त्यसैले सिक्काका यी दुई पाटाहरूलाई एक अर्कोसँग अलग राखेर हेर्न मिल्दैन । अर्थात् वातावरण र विकासलाई एक अर्कोबीच प्रतिद्वन्द्वीको रूपमा नलिई परिपूरकको रूपमा अंगीकार गरिनु पर्दछ । होइन भने आज जुन भौतिक विकासलाई लिएर हामी गर्व गरिरहेका छौं ।

भोलि त्यही भौतिक विकास हामी मानव जातिको लागि विनाशको प्रमुख कारण पनि बन्न सक्तछ । त्यसैले यसतर्फ राज्यको जिम्मेवार निकाय र सम्बद्ध सरोकारवालाहरूले बेलैमा ध्यान पुऱ्याउनुपर्ने खाँचो देखिएको छ ।

*(लेखक नास्टका सेवा निवृत्त वरिष्ठ प्रवर्द्धन अधिकृत हुन्।)*

# हर्निया भएको कसरी थाहा पाउने ?

पेटभित्रका अंग फुलेर बाहिर गाँठोजस्तो देखिएमा त्यसलाई हर्निया भएको भनिन्छ । पेटभित्र झिल्ली, छाला, बोसो र मांसपेशी हुन्छन् । तीमध्ये मांसपेशी कमजोर हुँदै गएर प्वाल परेपछि हर्निया हुन्छ । त्यो प्वालबाट पेटभित्रको बोसो आन्द्रा बाहिर सुन्निएर आउँछ, जुन हेर्दा गाँठो जस्तो देखिन्छ ।

हर्निया शरीरको विभिन्न भागमा धेरै किसिमको देखिन सक्छ । हेर्दा सामान्य गाँठो हर्नियाको उपचारमा ढिलाइ गर्दा विस्तारै आन्द्रा नै कुहिने समेतको जोखिम हुन सक्छ । हर्निया पेटको बाहिरी र भित्री भागमा हुन्छ । तिघ्राभन्दा माथिको भाग सुन्निएको छ भने त्यसलाई इङ्गुइनल हर्निया, तल्लो पेटमुनिको भाग र जाँघको माथि भाग सुन्निएर उठेको जस्तो देखिनेलाई फेमोरल हर्निया, शल्यक्रिया गरेर टाका लगाएको ठाउँमा हर्निया देखिन सक्छ, जसलाई इनसिजनल हर्निया भनिन्छ ।

नाइटोमा सुन्निएर आउनेलाई अमबिलिकल हर्निया, नाइटो वरपर देखिनेलाई पाराअम्बिकल, पेटमाथि सुन्निएर देखिनेलाई इपिग्यास्ट्रिक हर्निया हो । त्यस्तै, पेट भित्री भागमा पनि हर्निया हुन सक्छ, जसलाई इन्टरनल हर्निया भनिन्छ ।

#### हर्नियाको कारण

मोटोपन, अत्यधिक भारी तौल उठाउँदा मांसपेशी तन्किएर कमजोर हुन्छ । जसकारण हर्निया हुने सम्भावना अधिक हुन्छ । धुम्रपान गर्नेहरूको मांसपेशी कमजोर हुँदै जाने, शल्यक्रियापछि टाँका लगाएको ठाउँमा मांसपेशी काटियो भने टुक्रा भएर बस्दा पनि हर्निया हुन सक्छ । कसैमा हर्निया जन्मजात नै हुन सक्छ । जन्मिंदा नाइटो बन्द गर्नुपर्छ । त्यो पूरा बन्द नभएको खण्डमा कनजेनिटल डायफ्रामाटिक हर्निया हुन सक्छ ।

त्यसबाहेक वृद्धहरूमा प्रोस्टेटको समस्याका कारण पिसाब गर्दा बल गर्नुपर्छ । बल गर्दा पेटभित्रको प्रेसर बढेर आउँदा हर्निया हुने सम्भावना हुन्छ । कब्जियत भइरहने बिरामीमा पनि हर्निया हुन्छ किनभने दिसा गर्न बलको प्रयोग गर्नुपर्छ, जसकारण मांसपेशी कमजोर हुन्छ । दमको बिरामी जसलाई अत्यधिक खोकी आउँछ उनीहरूमा पनि हर्निया हुने सम्भावना हुन्छ । हर्निया जुनसुकै उमेरमा हुन सक्छ । यद्यपि उमेर बढ्दै जाँदा मांसपेशी कमजोर हुँदै जाने भएकाले सबैभन्दा बढी जोखिम वृद्धहरूलाई हुन सक्छ ।

हर्निया हुनुमा खानपानको परोक्ष भूमिका हुन्छ । बाहिरको खानेकुरा धेरै खाने, फाइबर कम भएको खानेकुरा खाने र धेरै मात्रामा खाने व्यक्ति मोटोपनको सिकार हुने गर्छन् । मोटोपन हर्निया हुनुको एक कारण हो ।

#### हर्नियाका लक्षण

हर्नियाको लक्षण यसको प्रकार र स्थानमा निर्भर हुन्छ । गह्रौं काम गर्दा वा बसेर उठ्दा प्रभावित भएको ठाउँमा गाँठोको अनुभव गर्नुपर्छ । यदि कसैलाई इङ्गुइनल हर्निया छ भने जाघको हड्डीको दुवै छेउमा गाँठो हुन्छ । हर्निया भएमा उभिंदा वा भारी वस्तु उठाउँदा दुखाइ बढ्छ । सुत्दा गाँठो हराउने तर अरूबेला छाम्दा गाँठो देखिन्छ । उभिंदा, केही काम गर्दा, झुक्दा वा खोक्दा दुखाइ महसुस हुन सक्छ । कहिलेकाहीं हर्नियाका लक्षण बुझिंदैनन् । त्यतिबेला धेरैपटक हर्निया भएको पनि थाहा हुँदैन ।

जटिल हर्निया छ भने आन्द्रा बेरिएर गाँठो पर्न सक्छ । जसकारण सुन्निएको ठाउँमा दुख्ने, वाकवाकी लाग्ने, पेट फुलेर आउने सम्भावना हुन्छ । हर्नियाको सुरुवाती चरणमा गाँठो नदेखिने तर दुख्ने पनि हुन सक्छ, जुन पहिचान गर्न कठिन हुन सक्छ ।

बिरामीलाई सुन्निएको ठाउँमा दुख्छ, गह्रौं काम गर्दा नाइटो फुल्ने र सुन्निने हुन्छ तब तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ ।

#### पहिचान र उपचार

लक्षण हेरेर धेरैजसो हर्नियाको पत्ता लाग्छ । तर पहिचान हुन गाह्रो भएमा अल्ट्रासाउण्ड गर्न सकिन्छ । त्यसबाट पनि सम्भव नभए एमआरआई गरेर हेरिन्छ । कुनै हर्निया अण्डकोषसम्म फुलेर जाँदा हाइड्रोसिलको शंका पनि हुन जान्छ । जाँच गरेर के हो भनेर छुट्याउन सकिन्छ ।

हर्नियाको उपचार शल्यक्रिया र लाप्रोस्कोपिक प्रविधिबाट मात्र सम्भव छ । यी दुवै विधिको उपचार सेवा नेपालमा उपलब्ध छ । बिना चिरफार गरिने विधि भएकाले लाप्रोस्कोपिक प्रविधि धेरैको रोजाइमा छ । अप्रेसन गरेर बल्झिने र दुवैतर्फ हर्निया छ भने लाप्रोस्कोपिक प्रविधिबाट शल्यक्रिया गर्न चिकित्सकले सुझाउँछन् ।

दमको समस्या र मुटुको समस्या भएका व्यक्तिमा शल्यक्रिया नै उपयुक्त हुन्छ । उपचारपछि पुनः ठीक हुन्छ । तर शल्यक्रिया गरेर ६ सातासम्म भारी काम गर्दा, धुम्रपान गर्नेमा भने पुनः बल्झिन सक्छ । प्रोस्टेटको समस्याका कारण हर्निया भएको व्यक्तिमा त्यसको उपचार सँगै हर्नियाको उपचार गर्नुपर्छ ।

# अल्सर र यसको उपचारको के छ उपाय ?

ग्यास्ट्राइटिसको कारण आमाशय, सानो आन्द्रा र ठूलो आन्द्रामा हुने घाउलाई अल्सर भनिन्छ । यसमा देखिने लक्षण र कारण दुवै ग्यास्ट्राइटिसको जस्तै हो ।

अल्सरमध्ये पनि सबैभन्दा बढी देखिने सानो आन्द्रामा हुने अल्सर हुने हो । आमाशयमा हुने अल्सरले क्यान्सर समेत गराउने जोखिम हुन्छ । त्यसैले ग्यास्ट्राइटिसकै कारण अल्सर हुने हुँदा ग्यास्ट्राइटिस हुन नदिनु उचित हो ।

#### अल्सर हुने कारण

ग्यास्ट्राइटिसकै कारण अल्सर हुन्छन् । हेलिकोब्याक्टर पाइलोरी नामक जीवाणु एच पाइलालोरी इन्फेक्सन (दूषित पानी र अस्वस्थ खानपिनबाट सर्ने संक्रमण)का कारण हुन्छ । उक्त जीवाणु संक्रमणका लक्षण सुरुमा धेरै हल्का हुन्छन्, जसले गर्दा अल्सर पहिचान सजिलै सुरुवातमै हुन सक्दैन ।

दुखाइ कम गर्ने एन्टीबायोटिक औषधिको लगातार प्रयोग, अत्यधिक धुम्रपान र मदिरापान गर्ने, चिल्लोपन भएको खानेकुरा धेरै खाने र खाली धेरै समयसम्म बस्ने बानीले सुरुमा ग्यास्ट्रिकको समस्या देखिन्छ । त्यसलाई बेवास्ता गर्दै गएमा पछि आन्द्रामा घाउ भएर अल्सर हुने सम्भावना हुन्छन् । पछिल्लो समय बढ्दो मानसिक तनावका कारण धेरै मानिस अल्सरबाट ग्रसित छन् । धेरैले पेट दुख्ने बित्तिकै चिकित्सकको सल्लाहबिना नै आफैं औषधि खाइरहेका हुन्छन् । यसले ग्यास्ट्रिकको उपचारमा ढिलाइ हुन्छ ।

अत्यधिक मदिरा सेवन गर्ने व्यक्ति र लिभर सिरोसिस भएकालाई पनि अल्सर हुने सम्भावना बढी हुन्छ ।

अल्सरमा हुने लक्षण र ग्यास्ट्राइटिसमा देखिने लक्षण लगभग उस्तै हुन्छन् । सुरुमा पेटको माथिल्लो भाग दुख्छ । त्यसपछि खानामा अरूचि हुने, बान्ता हुने, खाली पेटमा वा खाना खाएको केही बेरमा पेट दुख्ने, ग्यास र अपच हुने, पेट भारी हुने, तौल घट्नु र अल्सर बढ्दै गयो भने मुखबाट रगत आउने र दिसा कालो हुने अल्सरका लक्षण हुन् ।

#### पहिचान

ग्यास्ट्राइटिस इन्डोस्कोपीमार्फत हेरेर अल्सर भए नभएको पत्ता लाग्छ । आन्द्रामा रातो देखिएमा इराइडोमा भएको भनिन्छ । त्यसको उपचार भएन र बेवास्ता गरिरहेमा इरोजन (आन्द्रामा हुने घाउ) बन्छ । पाँच एमएमभन्दा कम भएको आन्द्राको घाउलाई इरोजन भनिन्छ र घाउ बढ्दै गएपछि अल्सर हुन्छ ।

अल्सर गम्भीर भएर बढ्दै गएमा विभिन्न किसिमका जटिलताहरू आउँछन् । आन्तरिक रक्तस्राव, बान्तामा रगत देखिने, दिसामा रगत देखिने र क्यान्सरसमेत हुने जोखिम हुन्छ । त्यस्तै, सानो आन्द्रामा अल्सर भएको छ र बेवास्ता गरिएको छ भने आन्द्रा फुट्न सक्छ । त्यस्तो अवस्थामा तत्काल उपचारमा जानुपर्छ ।

#### उपचार

अल्सरको गम्भीरता र बिरामीको अवस्थाको आधारमा अल्सरलाई विभिन्न तरिकाले उपचार गर्न सकिन्छ । साधारण ग्यास्ट्रिक मात्र छ भने खानपान र स्वस्थ जीवनशैलीमा परिवर्तन ल्याएर पनि रोकथाम गर्न सकिन्छ । तर एचपाइलोरी इन्फेक्सनकै कारण ग्यास्ट्रिक वा अल्सर भएको छ भने एन्टीबायोटिक औषधि १४ दिनसम्म खानुपर्छ । अल्सर भइसकेका बिरामीको भने अल्सरलाई शल्यक्रियामार्फत निकालेर फाल्नुपर्छ । अल्सरका सबै उपचार सम्भव छन् । तर जति छिटो पहिचान त्यति छिटो उपचार र निदान हुने भएकाले सकेसम्म ग्यास्ट्रिक हुँदैमा ख्याल गर्नुपर्छ । कसैमा रेडियोथेरापी र किमोथेरापी पनि गर्नुपर्छ ।

#### छातीमा दुखाइ ग्यास्ट्रिककै कारण मात्र हुँदैन

ग्यास्ट्राइटिसमा साझा समस्या भनेको माथिल्लो भागको पेट दुखाइ हो । नाइटोभन्दा माथि छातीमा दुखाइ हुन्छ । छातीको बीचमा दुखेको छ भने मुटु वा ग्यास्ट्रिक वा अल्सरकै कारण पनि हुन्छ । हिंडडुल वा कुनै शारीरिक क्रियाकलापपछि छातीको बीच भागमा दुखाइ छ भने ग्यास्ट्रिक भनेर चुप लागेर बस्नु हुँदैन । कतिपय अवस्थामा ग्यास्ट्रिक भनेर उपचारमा ढिलाइ गर्दा मुटुको समस्या पनि हुनसक्छ । उपचारमा ढिलाइले गर्दा ज्यानै जोखिममा हुने भएकाले छातीमा दुख्दा मुटुका चिकित्सकलाई पनि परीक्षण गराउनु उपयुक्त हुन्छ ।

#### रोकथाम

सन्तुलित र स्वस्थ आहार खाने, खुर्सानी-मसला र तेलको सेवन कम गर्ने, सफा पानी पिउने, धुम्रपान र रक्सी नपिउने, लामो समय भोको नबस्ने वा प्रशोधित र प्याकेटबन्द खानेकुरा नियन्त्रण गर्नुपर्छ । खानामा फलफूल, सलाद, फाइबरयुक्त सागसब्जी सामेल गर्नुपर्छ ।

साथै दिनचर्या सक्रिय हुन नियमित व्यायाम गर्ने, सक्रिय रहने, सकारात्मक रहने अभ्यासमा जोड दिनु जरूरी छ ।






# बागमती गोल्डकपः भुटनिज युथ स्पोर्टसलाई उपाधि

◆ विकास संवाददाता



पाँचौं संस्करणको वाग्मती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता, २०७९ को उपाधि विदेशी क्लब भुटनिज युथ स्पोर्टस्ले जितेको छ। मकवानपुरको पूर्वीक्षेत्रस्थित वाग्मती गाउँपालिका-८ स्थित जनता मावि खेल मैदानमा संकट क्लबलाई टाइब्रेकर मा ८-७ गोलअन्तरले पराजित गर्दै अमेरिकन क्लब च्याम्पियन भएको हो । निर्धारित समय २-२ गोलको बराबरीमा टुंगिएपछि खेलको निर्णय टाइब्रेरमा गरिएको हो ।

निर्धारित ९० मिनेटमा २-२ गोलको बराबरी भएपछि अतिरिक्त समय नखेलाई खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिएको हो । निर्धारित समयको पहिलो हाफमै दुबै टिमको तर्फबाट चार गोल भएको थियो । निकैप्रतिस्पर्धात्मक तथा रोमाञ्चक खेलको पहिलो मिनेटमै भुट्नीजले अग्रता बनाएको थियो । भुट्नीजका लागि प्रबिन बस्नेतले गोल गरेका थिए। त्यस्तै खेलको छैठौं मिनेटमा प्रबिन बस्नेतले ब्यक्तिगत दोस्रो गोल गर्दै टोली २-० को अग्रता दिलाए। तर, त्यो अग्रता पहिलो हाफको खेलमै तोडियो । सुनिल बलले खेलको ९ र २२ औं मिनेटमा गोल गर्दै संकटालाई खेलमा फर्काए । सुनिलले पहिलो गोल हेडमार्फत गर्दा दोस्रो गोल पेनाल्टीमार्फत गरे ।

दोस्रो हाफको खेलमा दुबै टोलीबाट थप गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिनुपर्यो। पेनाल्टी सुटआउटमा भुट्नीजलाई उपाधि दिलाउन मिगुएल पालाफक्स, धिरज धजाली, अम्मृलिन नेएने,रिल्ये यूरे, हेक्टर ओर्टेगा, प्रविन बस्नेत, उल्स, पुजन थापा मगर गोल गरे। त्यस्तै संकटाका सुनिल बल, सरोज दाहाल, मनिष डाँगी, मेसुके, आयूष घलान, स्टीफन विनोङ्ग र कुलदीप कार्कीले गोल गर्दा सुरज ज्यू ठकुरीका प्रहार भुट्नीजका गोलरक्षक पुजन थापा मगरले बचाउ गर्न सफल भए ।

प्रतियोगिताको विजेता भुट्नीज युथले नगद ८ लाख, ट्रफि, मेडल, प्रमाणपत्र प्राप्त गर्दा उपविजेताले संकटालले नगद ४ लाख रूपैयाँमा चित्त बुझाएको छ।बागमती खेलकुद विकास समितिको आयोजना भएको प्रतियोगितामा दुई घरेलु, एक विदेशी र ७ एडिभिजन सहित १० टोलीको सहभागिता रहेको थियो ।

# बज्रवाराहीको ऐलाखमा सप्ताह समापन



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ६ बज्रवाराहीको ऐलाखमा नवनिर्मित सतीदेवी माता मन्दिरमा २७ पुसबाट जारी श्रीमद्भागवत सप्ताह ज्ञान माहायज्ञको ६ माघमा समापन भएको छ ।

वाचन पण्डित अच्युत कृष्ण अधिकारी र पण्डित हरिशरण आचार्यबाट वाचन भएका सप्ताह ज्ञान महायज्ञको बागमती प्रदेशका नवनिर्वाचित सांसद तथा पुर्व सामाजिक विकास मन्त्री कुमारी मोक्तानको उपस्तिथिमा समापन गरिएको हो। सप्ताह ज्ञान महायज्ञ समापन समारोहमा थाहा ६ का वडा अध्यक्ष राजेन्द्र भक्त श्रेष्ठ, स्थानीय युवा समाजसेवी इन्द्र बहादुर श्रेष्ठ, पुर्व वडा अध्यक्ष शशिधर सुवेदी, सहकारी अभियान्ता महेश्वर सुवेदी लगायतका उपस्थिति रहेको थियो ।

सप्ताह समापन समारोहमा प्रमुख अतिथी मोक्तानले यय क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनमा सक्दो सहयोग गर्ने वाचा गर्दै आफुलाई मतदान गरि विजयी बनाएकोमा धन्यवाद समेत व्यक्त गरिन् । समारोहमा सुर्य नारायण पुजारी भगवान उप्रेती, दिव्य वाणी माता उर्मिला उप्रेतीको समेत उपस्थिति रहेको थियो। समापन समारोह कार्यक्रम मुल आयोजक समितिका संयोजक नकुल विडारीको अध्यक्षतामा भएको थियो ।

# बकैयामा आँखा शिविरः २६ जनामा भेटियो मोतियाबिन्दु



◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिका वडा नं. ५ मा २३१ जनाको आँखा जाँच गर्दा २६ जना मोतियाबिन्दुका बिरामी फेला परेका छन् । मोतियाबिन्दुका बिरामीहरूको सामुदायिक आँखा अस्पताल हेटौंडामा निःशुल्क अपरेशन भएको छ ।

बकैया-५ नम्बर वडा र सामुदायिक आँखा अस्पताल हेटौंडाको आयोजनामा बकैया ५ स्थित राजदमार आधारभुत स्वास्थ्य सेवाकेन्द्रमा भएको एक दिने आँखा जाँच सम्बन्धी शिविरमा वडाका २३१ जनाले आँखा जाँच गराएका थिए । आँखा शिविरमा २०५ जनाको सामान्य उपचार गरिएको थियो। स्वर्गीय आशिसराज भण्डारीको स्मृतिमा पिता माधव राजभण्डारी र माता राधिका राजभण्डारीले आँखा शिविरको प्रायोजन गरेका थिए। बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यता तथा बकैया-५ की वडा अध्यक्ष लक्ष्मी जिम्बाको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा बकैया गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मिलन दुलाल, बकैया ४ नं. वडाका वडा अध्यक्ष राजन दंगाल, बकैया १० नं. वडाका वडा अध्यक्ष कमला वाईवा, बकैया गाउँपालिकाका सामजिक शाखा प्रमुख फटिकरमण प्याकुरेल, राजदमार आधार भुत बेस क्याम्पका क्याप्टेन विश्व लामा, बुदुने आधारभुत बेस क्याम्पका क्याप्टेन हरि गुरूङले बोलेका थिए ।

त्यस्तै कार्यक्रममा तिलगंगा आँखा अस्पतालका संचालक समिति सदस्य सिद्धिलाल श्रेष्ठ, श्याम गुरूङ, मिरा गुरूङ, सामुदायिक आँखा अस्पतालका वरिष्ठ नेत्र सहायकद्वय कृष्ण कुस्वाह,सबिता क्षेत्री, टेक्निकल टिमका अचला शर्मा, दिनेश रूम्बा, समिक्षा उप्रेती, ५ नं. वडाका वडा सदस्यहरू छलिमाया घिसिङ, ज्ञानुमाया सुनार, अमृत थिङ, सोम बहादुर माझी, नेपाली काँग्रेस पार्टी बकैया सचिव सुनिल दर्लामी, नेकपा एमाले पार्टी वडा अध्यक्ष लाल बहादुर जिम्बा, राप्रपा पार्टी बकैया अध्यक्ष जोग बहादुर स्याङ्तान, प्रभात माविका प्रअ दिपेश देवकोटा, कर्मप्राप्ती माविका प्रअ रूद्र बहादुर दाहाल (मदन), गितावर निमाविका प्रअ हरिहर खनाल, किसान जागरूक सिद्धार्थ प्राविका प्रअ विदुर खतिवडा सहभागि रहेका थिए। राजदमार आधारभुत स्वास्थ्य सेवाका इन्चार्ज सम्झना रानाले स्वागत गरेको कार्यक्रम बकैया ५ का वडा सचिव देवराज लामिछानेले संचालन गरेका थिए ।

# राक्सिराङको दुर्गम गाउँमा स्वास्थ्य इकाइ स्थापना



◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाले विकट गाउँमा स्वास्थ्य ईकाई स्थापना गरी सेवा सुरू गरेको छ । राक्सिराङ गाउँपालिका-७ स्थित गर्लिङमा ४ माघमा गर्लिङ सामुदायिक स्वास्थ्य ईकाईको उद्घाटन गरिएको छ । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल र प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले स्वास्थ्य ईकाईको उद्घाटन गरेका हुन् । गाउँपालिकाबाट आवश्यक औषधि तथा फर्निचर उपलब्ध गराई वडा कार्यालयको भवनबाट स्वास्थ्य सेवा सुरू गरिएको हो ।

स्वास्थ्य ईकाईमा अहेब, अनमी र एक जना कार्यालयको दरबन्दी तोकिए पनि अहिले अनमी र कार्यालय सहयोगीले कार्य सुरू गरेका छन् । अहेबको लागि दरखासत आह्वान गरिए पनि दरखास्त नपरेका कारण दरबन्दी पूरा हुन नसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले बताए । गाउँपालिकाले हरेक वडामा स्वास्थ्य संस्था स्थापना गरी सेवा दिइरहेको छ ।

गाउँपालिकामा एक आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य ईकाई गरी ११ वटा स्वास्थ्य संस्थामार्फत सेवा दिइरहिएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- बिभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# संकटमा 'कुलेखानी'

◆ विकास संवाददाता



मुहान क्षेत्रमा अबैध क्रसर उद्योगहरू र ताल वरपर होटल सञ्चालनका कारण कुलेखानी जलविद्युत् आयोजनाको पानी संकलन केन्द्र इन्द्रसरोवर (कुलेखानी) ताल संकटमा पर्दै गएको छ । इन्द्रसरोवर तालको मुहान रहेका आधा दर्जन खोला तथा खहरेबाट बग्ने पानीलाई ड्याम बनाएर चार दशकदेखि विद्युत् उत्पादन गरिँदै आएको छ । तर, मानवीय क्रियाकपालका कारण ताल र तालको मुहान संकटमा पर्दै गएको हो। नेपाल विद्युत् प्राधिकरणले २०३८ सालमा इन्द्रसरोवर ताल निर्माण गरेको थियो । अहिले तालको मुहान क्षेत्रमा अबैध क्रसर तथा बालुवाखानी स्थापना गरिएको छ । थाहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका यस्ता खानीबाट उत्पादित मसिना ढुंगा, बालुवा बगेर इन्द्रसरोवर तालमा गएर मिसिने गरेको छ ।

८५ लाख क्युविक मिटर पानी रहने तालमा अहिले ६२ लाख क्युविक मिटर पानी मात्रै अटाउने क्षमता रहेको कुलेखानी प्रथम आयोजनाले जनाएको छ । आयोजनाका अनुसार २३ लाख क्युविक मिटर पानी रहने तालको पिँधमा बालुवा जम्मा भइसकेको छ। हाल पानीको सहत १५२३ दशमलव पाँच मिटर रहेको छ । इन्द्रसरोवर तालको मुहानहरूमा ४ वटा क्रसर उद्योग, बालुवा प्रशोधन तथा खानीहरू सञ्चालनमा रहेका छन् । तालमा यी उद्योगबाट निस्केका ढुंगा, बालुवा सबै बगेर थुप्रिने गरेको छ। यस्ता उद्योग दर्ता, सञ्चालन र नियमनको अनुमति प्राधिकरणलाई नभएका कारण केही गर्न नसकेको प्राधिकरणका अधिकारीहरूको भनाइ छ । कुलेखानीको मुहान क्षेत्रस्थित थाहा नगरपालिका-२ मा ऋषेश्वर बालुवा उद्योग, थाहा नगरपालिका-५ मा पीएस बालुवा प्रशोधन उद्योग, थाहा-१ खानीगाउँमा साझा रोडा ढुंगा उद्योग र थाहा-१ मा सिद्धि विनायक क्रसिङ उद्योग रहेको छ ।

'४० वर्षमा २३ लाख क्युविक मिटर सम्म बालुवा जम्मा भइसकेको छ', कुलेखानी प्रथम आयोजना प्रमुख धिरेन्द्र चौधरीले भने । वर्षेनी यसरी तालको गहिराइ कम हुँदै जाने हो भने, अबको केही वर्षमा विद्युत् उत्पादनमा समेत समस्या हुने प्राविधिकहरूको भनाइ छ । ४६ मिटर पानीको माथिल्लो सतहको पानी टर्बाइनमा जाने गरेको र थेग्रिएको बालुवा सो सिमासम्म आइपुगेमा पानी जम्मा हुने सतह बढाउँदै लैजानुपर्ने आयोजना प्रमुख चौधरीले बताए। 'यो र निङ रिभरबाट सञ्चालित आयोजना नभएकाले त्यहाँभित्र जम्मा भएको माटो, बालुवा निकालेर फाल्न समस्या हुन्छ', उनले भने ।

संघीय सरकारका खानी विभाग, जलाधार विभागहरूले सो क्षेत्रमा क्रसर, बालुवा उद्योग खोल्न व्यवसायीहरूलाई कसरी स्वीकृति दियो भन्ने प्रश्न यतिबेला उब्जिएको छ । संघीयअन्तर्गतको जलाधार व्यवस्थापन श्रोत केन्द्र सरकारले कुलेखानी मै राखेको छ । तर, संरक्षणका लागि बसेका कर्मचारीहरू जलाशय नै संकटमा पर्दासमेत कुनै चासो दिएको पाइँदैन। केन्द्रीय सरकारका कार्यालयहरूले अनाधिकृत रूपमा उद्योग खोल्ने अनुमति दिँदा आफूहरूले केही गर्न नसकेको थाहा नगरपालिकाका मेयर विष्णुबहादुर विष्टले बताए ।

## तालको जमिन चर्चेर होटल

तालको जमिनमा आधा दर्जन बढी होटल तथा रेष्टुरेन्टहरू सञ्चालनमा रहेका छन् । विसं. २०३८ सालमा सो स्थानमा प्राधिकरणले आयोजना सुरू गर्ने भएपछि वरिपरि रहेका वस्तीहरू मुआब्जा दिएर अधिग्रहण गरेको थियो । तर, अहिले प्राधिकरणको स्वामित्वमा रहेको जग्गामै ठूलाठूला होटल, रेस्टुरेन्ट खुलेका छन् । ती होटलबाट निस्कने फोहोर सिधै तालमा मिसाउने गरिएको छ ।

तालको पानीभित्रै होटल निर्माण भएपनि प्राधिकरणले त्यसलाई रोक्न सकेको छैन।आफ्नो जमिन कति अतिक्रमित भयो भन्ने तथ्यांकसमेत प्राधिकरणसँग छैन। होटल सञ्चालनको अनुमित अन्य निकायले दिने भएकाले समस्या भएको आयोजना प्रमुख चौधरीले बताए । कुलेखानी ताल क्षेत्रमा पछिल्लो समय काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानबाट पर्यटकहरू आउने गरेका छन् । 'मानव निर्मित ताल नै दिनदिनै संकट उन्मूख हुँदै जाने हो भने एक दिन यसको अस्तित्व मेटिने प्रायः निश्चित छ', स्थानीय रहरमान लामाले भने, 'हामी गाउँले भएकाले बोल्न मिलेन, राज्यको निकायले केही गर्दैन ।'

विषादीका कारण माछा उत्पादनमा असर इन्द्रसरोवर तालमा वर्षेनी माछा उत्पादनमासमेत असर पर्दै गएको छ । किसानहरूले तरकारी उत्पानदमा विषादी प्रयोग गर्न थालेकाले उक्त विष बगेर आउँदा माछापालनमा असर पर्ने गरेको मत्स्य ब्यवसायी संघका अध्यक्ष ज्वारीलाल बलामीले बताए। 'वार्षिक ५० हजार किलोससम्म माछा उत्पादन हुने गरेकोमा अहिले ३० हजार किलोसम्म मात्रै उत्पादन हुने गरेको छ', उनले भने, 'तालको सतह घट्दै जानु र तरकारी उत्पादनमा विषादी प्रयोगले यो समस्या आएको हो ।'

स्थानीयहरूले ताल आसपासको क्षेत्रलाई जलाधार संरक्षित क्षेत्र घोषणा गर्न माग गर्दै आएको छ। तर, कार्यान्वयन हुन सकेको छैन। २०७२ को भूकम्पपछि कुलेखानीको कतिपय मुहान सुकेको स्थानीयहरूले बताएका छन्। जलासयमा पालुङ खोला, चित्लाङ खोला, चल्खु खोला, ठाडो खोला लगायतका आधा दर्जन मुहानबाट पानी जम्मा हुने गरेको छ। विद्युत् प्राधिकरणले कुलेखानी सञ्चालन बापत मकवानपुरलाई उपलब्ध गराउँदै आएको रोयल्टी कुलेखानी जलाधार क्षेत्रको विकासमा खर्च हुन सकेको छैन। इन्द्रसरोबर गाउँपालिका र थाहा नगरपालिकाले रोयल्टीको रकम अन्य क्षेत्रमा लगानी गर्दै आएको छ ।

इन्द्रसरोवर ताल क्षेत्रसहित प्राधिकरणको धोर्सिङ स्टेसन गरी ३ हजार ४ सय ५१ रोपनी जग्गा रहेको छ। यसमध्ये २ दशमलब २ वर्ग कि.मि.मा ताल क्षेत्र रहेको छ। १ सय १४ मिटर गहिराइको यो तालको लम्बाइ ८ किलोमिटर रहेको छ। तालमा संचित पानीबाट प्राधिकरणले विद्युत् उत्पादन गर्दै आएको छ। कुलेखानी पहिलो र दोस्रोबाट गरी हाल ९२ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ । कुलेखानी तेस्रोबाट १४ मेगावाट विद्युत् उत्पदन हुँदै आएको छ।

# पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको सेवा स्तारेन्नतीमा संसद बर्तौलाको चासो



◆ विकास संवाददाता

मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ का सांसद महेश कुमार बर्तौलाले थाहानगरको पालुङ प्राथमिक सवास्थय केन्द्रको सेवा स्तरोननतकिो विषयमा चासो दिएका छन् । सांसद वर्तौला ८ माघमा सावस्थ्य केन्द्रमै पुगेर सेवाको विषयमा चासो दिएका हुन् ।

उनले थाहा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, पालुङ प्राथमिक स्वास्थ्य केन्द्र अध्यक्ष नारायण लाम, स्वास्थ्य केन्द्र प्रमुख डा. शक्ति चौरसियालगायतसंग छलफल गरेका हुन् । सो अवसरमा स्वास्थ्य शाखा प्रमुख बलामीले विशेषज्ञ सेवा हालको आवश्यकता रहेको औल्याए । उनले स्वास्थ्य केन्द्रमा एम.डी.जि.पी. डाक्टरको सेवा मात्र शुरू गर्न सकेपछि गर्भवती महिलाहरूको अप्रेसन तथा हड्डीसम्बन्धी समस्यालाई लिएर काठमाण्डौंसम्म पुग्नुपर्ने बाध्यताको अन्त्य हुने बताए । उनले स्वास्थ्य केन्द्रमा दन्त सेवा प्वाह गर्न नगसकेको बताउँदै सो सेवाका लागि दक्ष जनशक्ति सहयोग गरिदिन आग्रह गरे । थाहानगरको भौगोलिक अवस्थाको कारण बलामीले पोर्टेबल भिडियो एक्सरे मेशिन पनि अहिलेको आवश्यकता रहेको बताए । कार्यक्रममा शव पोष्टमार्टम गर्न सदर मुकाम हेटौंडा पुऱ्याउनुपर्ने बाध्यता रहेको विषय समेत उठान भएको थियो ।

कार्यक्रममा स्वास्थ्य केन्द्रको समग्र योजना तयार गर्न आग्रह गर्दै सो योजनामा आफ्नो तर्फबाट सहयोग हुने सांसद बर्तौलाले प्रतिवद्धता व्यक्त गरे । सांसद बर्तौलाले आफू यहि क्षेत्रको प्रतिनीधि भएकोले नागरिकको सेवाका लागि हरदम तयार रहने बताए । कार्यक्रममा नेकपा एमाले थाहानगर कमिटि अध्यक्ष अच्युतम प्रसाद ढकाल, थाहा नगरपालिकाका वडा नम्बर २ का पूर्व अध्यक्ष गुप्त बहादुर कार्की, स्थानीय समाजसेवी विष्णु प्रसाद ढकाल, स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका सदस्यहरूलगायतकाको उपस्थिती रहेको थियो ।

# सहयोगीको अध्यक्षमा पुनः प्रधान निर्वाचित



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १ मा कार्यालय रही संचालनमा रहेको सहयोगी बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुनः अन्जल प्रधान निर्विरोध निर्वाचित भएका छन् । १५ औं वार्षिक साधारणसभाबाट प्रधान पुनः अध्यक्ष पदमा निर्वाचित भएका हुन् । झम्केश्वरी माबिको सभाहलमा ७ माघमा सम्पन्न साधारणसभाले प्रधानको अध्यक्षतामा ९ सदस्यीय नयाँ संचालक समितिको चयन गरियको प्रमुख निर्वाचन अधिकृत सुरेन्द्रमान प्रधानले जानकारी दिए । नयाँ निर्वाचित संचालक समितिको उपाध्यक्षमा बिष्णुहरी लामिछाने, सचिव धर्मलाल प्रधान, कोषाध्यक्ष राजमान प्रधान र सदस्यहरू सुरेन्द्र प्रधान, कर्मज्ञान अमात्य, प्रवीण प्रधान, कमला श्रेष्ठ तथा गोमा श्रेष्ठ निर्वाचित भएका छन ।

त्यसैगरी लेखा समिती संयोजकमा प्रदिप प्रधान, सदस्यहरू मोहनदाश प्रधान र मनोज लामिछाने रहेका छन । नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूलाइ ७ माघमै पद तथा गोपनियताको सपथ खुवाइ प्रमाणपत्र प्रदान गरिएको निर्वाचन अधिकृत सुरेन्द्रमान प्रधानले जानकारी दिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# कैलाशको डाँफे मुनाल पार्कमा ल्होसार सांस्कृतिक मेला



◆ विकास संवाददाता

सोनाम ल्होसारको अवसरमा मकवानपुरको कैलाश गाउँपालिकाको डाँफेमुनाल पार्क बैकुण्ठमा पर्यटन प्रवर्धन गर्ने उद्देश्यले ल्होसार साँस्कृतिक मेला आयोजना गरिएको छ । कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले मेलाको उद्घाटन गरेका हुन् ।

ग्रामिण पर्यटनको विकास, स्थानीय तामाङ समुदायको सँस्कृतिको जगेर्ना, भाषा, भेषभुसा र कलाको संरक्षणमा मद्दत पुर्याउने उद्देश्यले मेला आयोजना गरि एको उनले बताए । डाँफेमुनाल पार्कलाई अझ आकर्षक पर्यटकिय केन्द्रको रूपमा विकास गरिने उनले बताए । मेला समारोहमा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले कैलाशको पर्यटन विकासका लागि मनहरी गाउँपालिकाले सहकार्य गर्ने बताए ।

धादिङको बेनिघाट रोराङ गाउँपालिकाका अध्यक्ष विवेक थपलियाले कैलाशको पर्यटकिय क्षेत्रलाई मद्दत पुग्नेगरि आफ्नो पालिकामा पर्यटकिय क्षेत्र बनाउनका लागि एक करोड रूपैंया विनियोजन गर्ने बताए । कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, वडाध्यक्षहरू तेजबहादुर ब्लोन, उदासकुमार भ्लोन, सुर्यबहादुर ब्लोन, भुवनसिं घलान, देवलाल बल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम वडा नम्वर २ का अध्यक्ष राजेन्द्र घिसिङको अध्यक्षतामा भएको थियो ।

मेलाकै अवसरमा भाईरल पिङको उद्घाटन समेत गरिएको थियो । कैलाश गाउँपालिकाको आर्थिक सहयोगमा डाँफेमुनाल पार्कमा १५ लाख रूपैंयाको लागतमा पिङ निर्माण गरिएको थियो । साँस्कृतिक मेलामा गायिकाहरू रजनी लामा, प्रतिमा अर्याल, सुमन थापा मगर, लोक गायक रामकुमार नेपाली, श्याम राना, सेलो गायक योगेश लामाले प्रस्तुति दिएका थिए । यसैगरि कलाकार राजुमान रूम्बाले क्यारिकेचर प्रस्तुत गरेका थिए ।

मेलामा स्थानीय तामाङ समुदायको संस्कार र सँस्कृतिसँग सम्बन्धित लामा, बोम्बो, लब्तावा लगायतका झाँकिहरूको प्रस्तुती समेत गरिएको थियो । तामाङ समुदायको सबैभन्दा ठुलो सांस्कृतिक पर्व २८५९औं सोनाम ल्होछार २०७९ ह्योई ल्हो (बिरालो वर्ग)को अवसरमा तामाङ समुदायको बाहुल्यता रहेको बैकुण्ठमा पहिलो पटक मेला भएको हो । यस वर्ष बाघ वर्षलाई बिदाइ गर्दै बिरालो वर्षलाई स्वागत गर्दै ल्होछार मनाइएको छ ।

# मेलामा मकवानपुरगढीको रैथाने कृषि उपज स्टल रहने

◆ विकास संवाददाता

हेटौंडामा हुने औद्योगिक व्यापार महोत्सवमा मकवानपुरगढी गाउँपालिकाले स्थानीय एवम् रैथानेबाली कृषि उपज प्रदर्शनी तथा बिक्री स्टल राख्ने भएको छ ।

मकवानपुरगढी गाउँपालिका कृषि विकास शाखाको आयोजना कृषि ज्ञान केन्द्र चितवनको सहयोग र विभिन्न सहकारी संस्था, कृषक समूह र कृषकहरूसँगको समन्वयमा प्रदर्शनी तथा बिक्री स्टल राखिने भएको हो ।

मकवानपुरगढी गाउँपालिकाभित्र उत्पादन हुने स्थानीय एवम् रैथानेबालीहरू कोदो, धानकोदो, फापर, सिमी, जुनेलो, सिलाम, अदुवा, बेसार, दलहन, तेलहन, कन्दमुल लगायतका विभिन्न उपजहरू, कृषिमा प्रयोग हुने परम्परागत औजार, सीप तथा कलाहरू प्रदर्शनीमा राखिने गाउँपालिकाका कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले बताए । स्थानीय उत्पादनहरू कोदोको पिठो, फापरको पिठो, मकैको पिठो, बेसारको धुलो, दुनाटपरी, हस्तकला सामाग्रीहरू पनि विक्रीमा राखिने चौधरीले बताए । मकवानपुर उद्योग बाणिज्य संघ, हेटौंडाको आयोजनामा यही माघ ११ देखि २३ गतेसम्म औद्योगिक व्यापार महोत्सव, २०७९ हुँदैछ । यसअघि राष्ट्रिय कृषि जैविक विविधता वर्ष, २०७९ को अवसरमा ललितपुरमा रैथाने बालिको प्रदर्शनी गरिएको थियो ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं !

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा नि:शुल्क रुपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी